| कार्यविधि संख्या :- | २० |
|---|---|

# मुसिकोट नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४

| कार्यपालिकाबाट स्वीकृत मिति :२०७४/१२/१५ |
|---|

## मुसिकोट नगरपालिका

**वामीटक्सार,गुल्मी**

**५ न.प्रदेश**



वेव साइटः–www.musikotmungulmi@gmail.com इमेलः–musikotmpgulmi@gmail.com

# मुसिकोट नगरपालिकाका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४

प्रमाणिकरण मिति

**प्रस्तावना** :-

लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दिर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिकको लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानून बनाउन बाञ्छनिय भएकोले मुसिकोट नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :- (१) यस कार्यविधिको नाम "मुसिकोट नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** :- विषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) "नगरपालिका" भन्नाले मुसिकोट नगर पालिकालाई सम्झनु पर्छ ।

(ख) "नगरकार्यपालिका" भन्नाले मुसिकोट नगर  कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि वडावाट प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजोजस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, यौन हिंसाबाट पीडित एवं बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, दूर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्त मनस्थिति भएको बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा बुझ्नु पर्दछ ।

(घ)  "न्यायिक समिति" भन्नाले मुसिकोट नगरपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) "प्रमुख " भन्नाले मुसिकोट नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुसिकोट नगर पालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

# परिच्छेद - २

## आर्थिक सहायता सम्बन्धि मापदण्ड

३. **दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता** :- (१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी ( मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन ।

स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नु पर्दछ ।

(२)उपदफा (१) बमोजिम प्राप्त निवेदन मनासिव देखिएमा विरामीको अवस्था हेरी रू. ५,००० देखी ५०,०००।- हजारसम्म आर्थिक सहायता दिन सकिनेछ ।

४. **हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायता**:- (१) यौन हिंसाबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न वडाध्यक्षको सिफारीशमा रू ५०००/- ( पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवं. पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

५. **आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता** :- (१) बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि रू. ५,०००/- देखी १०,०००।- सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षादिक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत पठन पाठनको व्यवस्था गर्न सकिनेछ ।

६. **बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता** :-७० वर्ष उमेर पुगेका, परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि नगर पालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रू. २०००/- (दुइ हजार) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

७. **अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायता** :- (१) आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगको स्वास्थ्य उपचार गर्नका लागि एकपटक रू ३००० देखी ७०००।- सम्म आर्थिक सहायता दिन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र, स्वास्थ्य सस्थामा उपचार गराइरहेको भन्ने प्रमाण खुल्ने कागजात सहित नगरपालिकामा निवेदन पेश गर्न सकिनेछ ।

८. **विपन्न परिवारलाई मृत्यु संस्कारसहायता:**(१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारणले मृत्यु भइ सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेबारिसे लास फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न प्रमाण खुल्ने कागजात र सम्वन्धित वडा कार्यालयको सिफारीश सहित निवेदन पेश हुन आएमा एकमुष्ट रुपमा रु ४००० देखी ८०००।- सम्म आर्थिक सहायता दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिम सहयाता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको पारिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यावसाय नभएको व्यक्तिलाई सिफारिस गर्नुपर्ने छ ।

## परिच्छेद- ३

## विविध

९. **निवेदनको ढाँचा :-** यस कार्यविधि अनुसार सहायता पाउन अनुसूची- १ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

१०. **निर्णय गर्ने अधिकार** :- यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धि निर्णयको अधिकार रु. ५००० सम्मको लागि वडा समिति, रु. २५००० सम्मको लागि नगर प्रमुख र रु. २५००० भन्दा माथीको लागि नगर कार्यपालिका लाई हुनेछ ।

११. **आर्थिक सहायता तथा उपचार सहयोग कोष :-** यस कार्यविधि अनुसार आर्थिक सहयोग दिन, उद्धार तथा पुर्नस्थापना गर्ने प्रयोजनको लागि एक कोषको स्थापना गरिनेछ ।

(२) कोषमा देहायको रकम जम्मा गरिनेछ :-

(क) संघीय सरकार, प्रदेश सरकार, नगर सभावबाट विनियोजन भएको अनुदान रकम,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आर्थिक सहायताको लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(३) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद – ४

## संशोधन तथा परिमार्जन सम्वन्धमा :

**१२.संशोधन तथा परिमार्जन** : (१) यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद – ५

## खारेजी तथा बचाउ

**१३.** यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार अन्यमा प्रचलित कानुन वमोजिम हुनेछ । प्रचलित कानुनसँग बाझिएको हकमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची- १
(खण्ड ९ सँग सम्बन्धित)

मिति :-

श्रीमान् नगर प्रमखु/प्रमुख प्रशासकीय अधिकृत ज्यू,

मुसिकोट नगरपालिका, गुल्मी ।

विषय :- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी.................................................................गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचार/७० वर्ष उमेर पुगेका, परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिक भएको / पोष्टमार्टम गर्नको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई /निशुःल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/.................को प्रतिलिपि

३. अस्पतालको रिपोर्ट

४. .............

निवेदक

| क.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |



वेब साइटः–www.musikotmungulmi@gmail.com इमेलः–musikotmpgulmi@gmail.com